आज मिति २०८२ माघ ७ गते दिउँसो १:३० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क.सं | पदाधिकारीहरूको नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार विष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर विष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

मिति २०८२ माघ ७ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरू

निर्णय नं. १

विभिन्न कृषक तथा स्थानीय नागरिकहरुको माग अनुसार सिचाई तथा खानेपानी प्रयोजनका लागि पाइप आवश्यक परेकोले सिचाईका लागि पाइप खरिद तथा खानेपानीका लागि पाइप खरिद शिर्षकबाट पाइप खरिद गरी आवश्यकता हेरी कार्यालयले वितरण गर्ने।

निर्णय नं. २

देहायका खानेपानी आयोजनाको तत्काल मर्मत गर्नुपर्ने आवश्यक भएकोले विपदबाट क्षतिग्रस्त खानेपानी योजना मर्मत शिर्षकबाट खानेपानी मर्मत सम्भारका लागि बजेट विनियोजन गर्ने।

| क्रस | खानेपानीको नाम | ठेगाना | बजेट रकम रु. |
|---|---|---|---|
| १ | खोचापानी सिल्पनेरा खानेपानी योजना | थलारा ४ पडेस | ५० हजार |
| २ | गौर मडासैन खानेपानी | थलारा ३ गौर | १ लाख |

निर्णय नं. ३

यस थलारा गाउँपालिका अन्तरगत बोलपत्र वा सिलबन्दी दरभाउपत्र विधिबाट कार्यान्वयन हुने निर्माण कार्यहरूको समेत गाउँपालिका स्तरिय अनुगमन मूल्यांकन समिति र आवश्यक अनुसार वडा स्तरिय अनुगमन समितिले अनुगमन गर्ने. तथा निर्माण कार्यको विल भुक्तानी गर्दा अनिवार्य रुपमा अनुगमन प्रतिवेदन र वडा कार्यालयको सिफारिसका आधारमा गर्ने।

निर्णय नं. ४

विगतमा विश्व खाद्य कार्यक्रमको सहयोगमा सञ्चालित विद्यालय दिवा खाजा कार्यक्रमका लागि गोदाम व्यवस्थापक पाँचौ तह करारमा कार्यरत भेष विष्टको करार अवधि २०८२ पुष मसान्तमा समाप्त भएको र विश्व खाद्य कार्यक्रम सन् २०२६ देखि फेज आउट भएको भएपनि केही महिनाको लागि खाद्यान्न स्टोरमा बाँकी नै रहेंको तथा ततपश्चात समेत दिवा खाजा कार्यक्रमको व्यवस्थापनका लागि १ जना कर्मचारी आवश्यक हुने देखिएकोले निजको करार सम्झौता २०८२ माघ १ देखि २०८३ असार मसान्त सम्म नवीकरण गरी गाउँपालिकाको स्रोतबाट तलब भत्ता बेहोर्ने।

निर्णय नं. ५

गत शैक्षिक सत्र २०८१ को SEE परीक्षामा पालिकामा सर्वोत्कृष्ट समग्रमा A+ नतिजा ल्याउन सफल पूर्णचन्द्रोदय मावि कुलाकाट्नेका छात्रा जेनिशा सिंहलाई बार्षिक नीति तथा कार्यक्रम २०८१।८२ मा उल्लेख भए बमोजिम १ लाख पुरस्कार रकम प्राविधिक शिक्षा छात्रवृत्ति शिर्षकबाट भुक्तानी गर्ने।

निर्णय नं. ६

कक्षा १० र कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको शिक्षक सिकाइलाई थप प्रभावकारी बनाउन कम्तिमा १ महिना गणित, अंग्रेजी र विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन गर्ने। अतिरिक्त कक्षामा अध्यापन गराउने शिक्षकलाई प्रति कक्षा, रू.१५० का दरले खाजा खर्च उपलब्ध गराउने।



२०८२।१०।७

प्रयाग राज ...
प्रमुख प्रशासकीय अधिकृत